# मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७४

कार्यपालिका बाट प्रमाणिकरण भएको मिति : २०७४।१०।१९

प्रमुख प्रशासकीय अधिकृत

## छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

जोरपाटी, धनकुटा, १ नं. प्रदेश, नेपाल

# मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७४

पृष्ठभूमी:

नेपालमा पहिलो पञ्चवर्षिय योजनाबाटै व्यावस्थित दुग्ध उद्योगको शुरुवात बि.स १९५६ मा भई हाल देशमा एक सरकारी दुग्ध विकास संस्थान र केही ठूला तथा मझौला दुग्ध उद्योगहरुका साथै करीव १७०० भन्दा बढी दुग्ध उत्पादक सहकारी संस्था तथा तिनको छाता संगठन केन्द्रीय दुग्ध सहकारी संघ समेत कृयाशिल छन् । यिनै सहकारी संस्था तथा निजी डेरी उद्योगका संकलन केन्द्रबाट कुल उत्पादनको करीव १५ प्रतिशत मात्र कच्चा दुध प्रशोधनका लागि बजारमा पुग्दछ । स साना असंगठित कृषकहरुबाट अव्यावस्थित तथा असंगठित रुपमा बजारमा प्रवाह भएको दुध तथा दुग्ध जन्य पदार्थको गुणस्तर तथा दिगोपना कायम राख्न नसकिने र दुधको क्षेत्रीय तथा राष्ट्रिय बजारमा संभावित डेरी पकेट क्षेत्रहरुको पहुच समेत नपुगी दुधको मूल्य श्रृखलाको विकास समेत हुन नसक्दा रोजगारी र दुधको उचित मूल्य समेत कृषकले पाउन सकेका छैनन् । त्यसैले नयाँ विकसित हुदै गरेका बजार क्षेत्रहरु र राष्ट्रिय बजारमा समेत दुधको संगठीत उत्पादन तथा बजारीकरण गर्न अपरीहार्य भएकोले नेपाल सरकारको यो कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपले संचालन गर्न नेपाल सरकार पशुपन्छी विकाश मन्त्रालयबाट मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गर्न जारी भएको यो कार्यविधि स्थानिय तह द्वारा संसोधन सहित स्वीकृत गरी "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०७४" जारी गरीएको छ ।

## परिच्छेद १

१. प्रारम्भिक :

क) संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्य विधिको नाम "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम संचालन कार्यविधि, २०७४" रहेको छ ।

२. यो कार्यविधी छथर जोरपाटि गाउँपालिका बाट स्वीकृत भएको मिती बाट प्रारम्भ हुने छ ।

३. यो कार्यविधी २७ (सत्ताईस) पेजको हुने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कार्य विधिमा :

क) "स्थानिय तह" भन्नाले छथर जोरपाटी गाउपालिका सम्झनु पर्ने छ ।

ख) "पशु सेवा शाखा" भन्नाले छथर जोरपाटी गाउपालिका अन्तंगत पशु सेवा शाखा सम्झनु पर्ने छ ।

ग) "कार्यदल" भन्नाले स्थानिय तह द्वारा पशुसेवा शाखाको संयोजकत्वमा गठन हुने कार्यदल सम्झनु पर्ने छ ।

घ) "कार्यविधि" भन्नाले पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७४ सम्झनु पर्ने छ ।

३. उद्देश्यहरु :

मध्य पहाडि लोक मार्ग तथा हुलाकी मार्ग तथा लिंक रोड क्षेत्रमा विकास भई रहेका घना बस्ति तथा बजार क्षेत्र वरिपरी एकिकृत रुपमा गुणस्तरीय दुध उत्पादन गरी ती बजार क्षेत्रमा दुध तथा दुध जन्य उत्पादन, वितरण गरी बढी भएको दुध क्षेत्रीय तथा राष्ट्रिय बजारमा समेत पुऱ्याउनु यो कार्यक्रमको मुख्य उद्देश्य हो भने अन्य उद्देश्यहरु निम्न अनुसार छन् ।

क) स्थानिय जातका गाई भैसीहरुको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ख) दुग्ध मूल्य श्रृखलामा आधारीत व्यावसाय तथा उद्योग प्रवर्द्धन गरी रोजगारीमा अभिवृद्धि गर्ने ।

ग) गुणस्तरीय दुध उत्पादन गरी उपभोक्ताहरुलाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति दिलाउने ।

घ) नेपाल सरकारको दुधमा आत्मनिर्भर हुने प्रतिवद्धता पूरा गर्न सहयोग गर्ने ।

ङ) मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

४. कार्यक्रमको अवधि :

यो कार्यक्रमको अवधि १ वर्षको हुने छ र आवश्युक्ता अनुसार थप विस्तार गर्दै लान सकिने छ ।

५. डेरी पकेट क्षेत्र छनौट र वर्गिकरण :

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गर्न मुख्य सडक लोक मार्ग तथा आसपासका सहायक मार्गहरु संग जोडिएका क्षेत्र वा वडा समेट्ने गरी यो कार्यक्रम सञ्चालन गरिने छ। पशु नश्ल सुधार, घाँसेबाली, दुधको बजार, शहरीकरणको सम्भावना, पशुवस्तुहरुको हालको संख्या, दुध उत्पादनको परिमाण जस्ता, विषयहरुमा आधारित भई छनौट गरी निम्नानुसार वर्गीकरण गरिएको छ।

(क) 'क' वर्गका क्षेत्रहरु : ८० वा सो भन्दा बढी दुधालु गाई भैसीहरु भएको कम्तिमा ५ पकेट क्षेत्रमा ४०० दुधालु गाई भैसी र दैनिक दुध उत्पादन ३००० लिटर हुने संभावित क्षेत्रहरु।

(ख) 'ख' वर्गका क्षेत्रहरु : ५० वा सो भन्दा बढी दुधालु गाई भैसीहरु भएको कम्तिमा ४ पकेट क्षेत्रमा २०० दुधालु गाई भैसी र दैनिक दुध उत्पादन २००० लिटर हुने संभावित क्षेत्रहरु।

ग) 'ग' वर्गका क्षेत्रहरु : २५ वा सो भन्दा बढी दुधालु गाई भैसीहरु भएको कम्तिमा ३ पकेट क्षेत्रमा ७५ दुधालु गाई भैसी र दैनिक दुध उत्पादन ५५० लिटर हुने संभावित क्षेत्रहरु।

६. साझेदार छनौट :

यस कार्यक्रममा दुई किसिमका साझेदार हुनेछन्।

क. दुध उत्पादन पकेट क्षेत्र र साझेदार छनौट गर्ने आधारहरु :

१. विगत देखि संचालनमा रहेका गाई, भैसी पकेट क्षेत्रहरु वा व्यावसायिक रुपमा दुध उत्पादन गर्न सकिने नयाँ संभावित क्षेत्रहरु

२. दुध उत्पादक सहकारी संस्था संचालनमा रहेको वा कार्यक्रम शुरु गरेको पहिलो आ.व. मै संचालन हुन सक्ने क्षेत्र हुनु पर्दछ।

३. दुध उत्पादनमा संलग्न संगठीत समूह/समिति/सहकारी संथाहरु डेरी पकेट क्षेत्रमा साझेदार हुनु पर्ने छ। समूह समितिहरुको हकमा कार्यक्रम शुरु भएको आ.व. को अन्त्यसम्म दुग्ध उत्पादक सहकारी संस्था गठन भई सक्नुपर्ने छ।

४. डेरी पकेट क्षेत्रहरुमा साझेदार संस्थाहरु कम्तिमा २ वटा हुनु पर्ने छ।

ख. गुणस्तरीय दुधको संगठित बजारीकरण र साझेदार छनौट गर्ने आधारहरु :

डेरी पकेट क्षेत्र कार्यक्रम संचालन भएका क्षेत्रहरुमा कम्तिमा १ वटा दुध प्रशोधन गर्ने संस्था छनौट हुनेछन्। दुधको बजारीकरण तथा प्रशोधनका आधारमा गत आर्थिक वर्षमा सम्बन्धित संस्थाले दुध प्रशोधन गरेको अभिलेखको आधारमा प्रति लिटर रु २/- का दरले हुन आउने बढीमा प्रति संस्था रु ६ लाख ५० हजार सम्म अनुदान प्राप्त गर्न प्रकाशित सूचना अनुसार सम्बन्धित कार्यलयमा निवेदन दिन सक्ने छन्।

१. सम्बन्धित निकायमा दर्ता भई दुध संकलन, प्रशोधन, विविधिकरण, तथा बितरणमा संलग्न सहकारी वा निजी उद्योग/फर्महरु

२. स्थानीय बजार क्षेत्र, जिल्ला, क्षेत्रीय वा राष्ट्रिय बजारमा समेत पहुंच र विस्तार गर्न सक्ने संस्थाहरु

७. कार्यक्रम संचालनका लागि साझेदारको छनौट प्रकृया :

१. कार्यालयले अनुसूची - १ (क) र अनुसूची - १ (ख) बमोजिमको प्रस्ताव आह्वान गर्ने छ।

२. कार्यक्रममा सहभागी हुन इच्छुक संस्थाहरुले अनुसूची - ३ (क) वा अनुसूची - ३ (ख) अनुसारको संक्षिप्त कार्ययोजना ५ बर्षको बनाई सम्बन्धित कार्यालयमा अनुसूची - २ अनुसारको निवेदन दर्ता गर्नु पर्ने छ।

३. कार्यालयले दर्ता भएका प्रस्तावहरुको स्थलगत निरीक्षण गरी प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदन सहित कार्यदलमा स्वीकृतीको लागि पेश गर्ने छ।

८. मूल्यांकन तथा छनौट :

सम्बन्धित कार्यालयले साझेदार मूल्यांकन तथा छनौटका लागि कार्यदल समक्ष पेश गर्ने छ। कार्यदलले प्राप्त प्रस्ताव तथा कार्यक्रम सन्चालनको लागि प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदनको आधारमा अनुसूची - ४ (क) र अनुसूची - ४ (ख) बमोजिम मूल्याङ्कन गरी साझेदारीको छनौट गर्ने छ।

९. सेवा संचालन प्रकृया :

यस कार्यक्रम बमोजिमको सेवा सन्चालन गर्ने प्रकृया देहाय बमोजिम हुने छ :

प्रमुख प्रशासकीय अधिकृत

१. कार्यालय र छनौट भएका साझेदार संस्था बिच अनुसूची - ५ (क) र अनुसूची - ५ (ख) अनुसार सम्झौता गरी कार्यक्रम सन्चालन गरिने छ ।
२. कार्यालयले साझेदार बाट पेस भएको प्रस्तावित कार्यक्रम तथा बजेट कार्यदलको बैठकबाट अन्तिम रुप दिई कृषि तथा पशु बिकाश समितिले विनियोजित रकमको आधारमा अनुदान स्वीकृत गर्ने छ ।
३. साझेदारले हरेक महिना मासिक तथा चौमासीक रुपमा अनुसूची - ६ 'क' र 'ख' बमोजिमको ढाँचामा पशु सेवा शाखा मार्फत गाउँपालिकामा कार्यालयमा प्रगती पठाउनु पर्ने छ ।
४. दुध उत्पादन पकेट क्षेत्रका साझेदारले अनुसूची - ७ (क) देखि अनुसूची - ७ (घ) सम्मको अभिलेख राख्नु पर्दछ ।
५. यो कार्यविधि सँगै सलग्न गरीएको : एकिकृत दुध उत्पादन प्रवर्दन कृयाकलाप संचालनको बिस्तृत विवरण समेत यसको अंग मानिने छ र सोहि अनुसारका कृयाकलापहरु सम्पन्न गरी अनुसुचि - ८ (ग) अनुसारको वार्षिक उपलब्धि मुल्याङ्कन फारम तथा प्रगतिको आधारमा आयोजना अनुदानको निरन्तर वा अन्त्य गरीने छ ।
६. यो कार्यक्रमको मूल्यांकन दोश्रो र तेश्रो पक्षबाट गरिने छ ।
७. यो कार्यक्रम सम्पन्न गर्नका लागि अनुसूची - ८ (क र ख) अनुसारका कृयाकलापहरु संचालन गरिने छ ।"

१० अपेक्षित प्रतिफल :

१. दुग्ध उत्पादनको हिसाबले हालको अवस्था र भविष्यमा गर्न सकिने संभावनाका आधारमा अत्यन्तै महत्वपूर्ण मानिएका क्षेत्रहरुमा ठूलो संख्यामा रहेका गाई भैसीहरुको नश्ल सुधार भई दुधको उत्पादन र उत्पादकत्वमा बृद्धी हुने ।
२. लोक मार्ग तथा हुलाकी मार्गको आसपासको क्षेत्रमा बिकास हुँदै गई रहेको शहरीकरणको अवस्थालाई मध्यनजर राख्दा दुधको उत्पादन र खपतमा बृद्धि भई पशुपालन व्यावसाय थप व्यावसायीकरण र आधुनिकीकरण हुने ।
३. नेपाल सरकारको ३ वर्ष भित्रमा दुधमा आत्मनिर्भर हुने भन्ने प्रतिवद्धतालाई पुरा गर्न सघाउ पुग्ने ।

११. आर्थिक नर्मस सम्बन्धि विवरण :

क. वार्षिक कार्यक्रममा स्विकृत रकमलाई आधार मान्ने
ख. प्रति ७५ उन्नत पशुको डेरी पकेट क्षेत्रको लागी रु ५ लाख वा प्रति २०० उन्नत पशुको डेरी पकेट क्षेत्रको लागी रु १० लाख सम्म वा प्रति ४०० उन्नत पशुको डेरी पकेटको लागी रु २० लाख सम्म कार्य योजना अनुसार अनुदान दिने । (पकेट क्षेत्रमा मुख्यतया गोठ सुधार, सफा दुध उत्पादनका लागी आवश्यक उपकरण र आवश्यक भएमा मात्र २०.प्रतिशत रकम उन्नत पशु [illegible] जस्ता कार्यलाई प्राथमिक्तामा राखी खर्च गर्न पाईने छ) क बर्गका डेरी पकेट क्षेत्रहरुबाट कम्तिमा दैनिक ३००० लि. ख वर्गका डेरी पकेट क्षेत्रहरुवाट कम्तीमा दैनिक २००० लि. र ग वर्गका क्षेत्रहरुवाट कम्तीमा दैनिक ५५० लि. दुध थप भई संगठितरुपमा बजारमा आउनु पर्दछ ।
ग. बजारीकिरणका लागि प्रति संस्था बढीमा रु ६ लाख ५० हजार सम्म कार्य योजना अनुसारको अनुदान (यो अनुदान डेरी पकेट क्षेत्रमा उत्पादित दुधको लागि गुणस्तरीय दुध तथा दुग्ध पदार्थ उत्पादन, भण्डारण, प्रशोधन तथा वितरणका लागि साझेदारीमा मात्र) उपलब्ध गराउने व्यावस्था गर्ने । प्रति संस्था ६५० हजार लिटर दुध प्रशोधनका लागि प्रति लिटर रु २/- का दरले गत वर्षको अभिलेखको आधारमा अनुदान उपलब्ध गराउने व्यावस्था गरिनेछ ।

## परिच्छेद २

मध्य पहाडी लोक मार्ग र हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन कार्यक्रम अन्तर्गत गाई/भैसी स्रोतकेन्द्रहरुमा करार भई प्राप्त हुने उन्नत पाडी/बाच्छीहरु खरीद तथा बितरण गर्ने ।

१२. कार्यक्रम संचालन हुने क्षेत्रहरु :

गाई/भैसी : छथरजोरपाटी गाउँपालिका भित्रका आवस्यक तथा संभव भएका सबै वडाहरु ।

१३. कार्यक्रमको अवधि :

यो कार्यक्रमको अवधि १ वर्षको हुने छ । आवश्यकता र संभावनाका आधारमा आगामी वर्षहरुमा अवधि थप हुन सक्ने छ ।

प्रशासकीय अधिकृत

१४. कार्यक्रम संचालन प्रकृया :

१. बिगतका बर्षहरुदेखि संचालनमा रहेका उन्नत गाई तथा भैसी स्रोत केन्द्रहरुमा भएका बाच्छी/पाडीहरुको अध्यावधिक अभिलेख लिने । स्रोत केन्द्रमा उत्पादन भएका बाच्छी/पाडीहरु मध्ये निम्न बमोजिमको मापदण्ड पुगेका श्रोत केन्द्र सँग करार सम्झौता गरी बिक्री गर्न सक्ने बाच्छी/पाडीहरुका छनौट र ट्यागिङ गर्ने ।

**मापदण्ड :**

क) बाच्छीको हकमा कम्तिमा ५० प्रतिशत जर्सी वा होल्स्टिन गाईको जातिय शुद्धता भएको

ख) पाडीको हकमा कम्तिमा ५० प्रतिशत मुर्रा भैसीको जातिय शुद्धता भएको

ग) बाच्छीको उमेर कम्तिमा १ बर्ष पुरा भएको

घ) पाडीको उमेर कम्तिमा १८ महिना पुरा भएको

२. शाखाको सिफारीसमा कार्यदलले अनुमोदन गरेको क्षेत्रमा कम्तीमा १० देखि १५ जनाका दरले ३ देखि ५ वटा समूह गठन गर्ने ।

३. पशु विकाश शाखाले उल्लेखित संख्यामा गाई भैसी भएको क्षेत्रको गाई भैसीको संख्या तथ्याङ्क सहितको बिवरण तयार गरी कार्यदलमा पेश गरी स्वीकृत गराई समूह गठन गर्ने ।

४. संबन्धित समूहबाट कम्तिमा ३ जना र सम्बन्धित पशु सेवा शाखाबाट १ जना प्राविधिक सहितको टोलीले आफुलाई उपयुक्त हुने स्रोत केन्द्रमा सम्पर्क राखि स्रोतकेन्द्रको समिति सँग वार्ता गरी सहमती भएको दर रेटमा कोरलीहरु खरिद गर्नेछन् ।

५. यसरी खरीद गरीएका कोरलीहरु समूहका सदस्यहरु बिचमा समूहका पदाधिकारीहरुले आपसी सहमती वा गोला प्रथा द्वारा सम्बन्धित पशु सेवा शाखाका प्राविधिकहरुको रोहरबरमा बितरण गर्नेछन् ।

६. यसरी बितरण गरिएका जनावरहरुको खरीदमा प्रति कोरलीमा लागेको परल मूल्यको ७० प्रतिशत वा रु १५ हजार मध्ये जुन कम हुन्छ त्यही दरले पशु सेवा शाखाले समितिको बैंक खाता वा सम्बन्धित स्रोत केन्द्रको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

७. यसरी खरीद गरिएका पशुहरुको अनिवार्य रुपमा बिमा गर्ने दायित्व सम्बन्धित कृषकको हुनेछ ।

८. खरीद गरिएका पशुहरुको उत्पादन बिवरण प्रत्येक चौमासिकमा सम्बन्धित समूह/समिति मार्फत पशु सेवा शाखामा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

९. यसरी खरीद गरिएका कोरलीहरुलाई कम्तिमा २ बर्ष सम्म बेचबिखन गर्न पाईने छैन् ।

१५. मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मस (प्रति क्षेत्र) :

| क.सं. | कार्यक्रम बिवरण | इकाई | परिमाण | दर रु. | जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समूह गठन तथा परिचालन | संख्या | ५ | ५००० | २५००० | |
| २ | पशु बिकाश कार्यदलको बैठक | पटक | ३ | १०००० | ३०००० | |
| ३ | पशु बिकाश कार्यदल द्वारा अनुगमन, तथ्यांक संकलन प्रतिवेदन तथा प्रेशण | पटक | ३ | १५००० | ४५००० | |
| ४ | कोरली बाच्छी खरिदमा अनुदान | संख्या | ५० | २८००० | १४००००० | |
| | जम्मा | | | | १५००००० | |

१६. आर्थिक प्रशासन सेवा :

कार्यक्रमको लेखा, लेखांकन,लेखापरीक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनीक खरीद ऐन, २०६३ तथा सार्वजनीक खरीद नियमावली २०६४ बमोजिम गरिने छ ।

१७. अनुगमन ,मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यावस्था :

यस कार्यक्रमको अनुगमन केन्द्र सरकार, प्रदेश सरकार, बिषयगत मन्त्रालय, पशु सेवा बिभाग,गाँउपालिका र सम्बन्धित पशु सेवा शाखाले गर्नेछ र सो को मासिक, चौमासिक,वार्षिक प्रगती, प्रतिवेदन सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

१८. कार्वाहिको व्यवस्था :

प्रस्ताव स्वीकृत भएका सहकारी संस्था/फार्म/निजि डेरीहरुले आवेदन (परियोजना) र सम्झौता अनुसारको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

प्रशासकीय अधिकृत

१९. प्रचलित कानुन लागु हुने :

"मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७४" कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

२०. खारेजी तथा बचाउ :

क) नेपाल सरकार, पशुपंक्षि विकाश मन्त्रालय द्वारा प्रारम्भ "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम संचालन कार्यविधि, २०७३" संशोधन गरीएको छ ।

ख) "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम संचालन कार्यविधि, २०७३" बमोजिम पशु सेवा विभाग, क्षेत्रिय पशु सेवा निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयले संचालन गरी आएका सबै कार्यक्रमहरु यसै बमोजिम भए गरेको मानिने छ ।

२१. कार्यविधि संशोधन तथा परिमार्जन गर्न सक्ने :

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यावस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेज गर्न सक्ने छ ।

२. यस कार्यविधिको कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाको बैठकले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

७-१

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका

........ कार्यालय

एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यकम संचालन कार्यक्रममा (डेरी पकेट क्षेत्र) सहभागीताको प्रस्ताव आह्वान सुचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति : ......................

यस कार्यालयको आ.व. .........को वार्षिक स्वीकृत कार्यकम अनुसार एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यकम संचालन गर्न साझेदारीको अवधारणा अनुरुप उन्नत जातका गाई भैंसी पालक कृषकहरुको समिति, सहकारी संस्था बाट आवेदनका लागि यो सूचना प्रकाशन गरिएको छ। ईच्छुक छथर जोरपाटी गाउँपालिका अर्न्तगत रहेका गाई भैंसी पालक कृषकहरुको समिति /सहकारी संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५औं दिनको १२.०० बजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धित शाखामा राजस्व वापत रु.१०००। को रसिद काटी सिलवन्दी दरखास्त पेश गर्नु पर्नेछ। म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन। प्राप्त प्रस्तावहरुलाई पशु सेवा शाखा अर्न्तगत संचालित "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यकम संचालन कार्यविधि, २०७४ मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्वारा सम्वन्धित कृषक तथा फार्महरुलाई पशु सेवा शाखाको स्वीकृत बजेट परिधिभित्र रही अनुदान रकम उपलब्ध गराईने व्यहोरा जानाकारी गराइन्छ। विस्तृत जानकारीका लागि पशु सेवा शाखा ............ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

अनुसूची-१(ख)

..........कार्यालय

एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम संचालन कार्यक्रम (दुधको बजारीकरण) मा सहभागीताको प्रस्ताव आव्हान सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति : ......................

यस कार्यालयको आ.व. ........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम संचालन गर्न डेरी पकेट क्षेत्रहरु बाट उत्पादित दुधको विविधिकरण र बजारीकरण गर्न साझेदारीको अवधारणा अनुरुप निजि उद्यमी दुग्ध उत्पादक व्यवसायी, सहकारी संस्था बाट आवेदनका लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक छथर जोरपाटी गाँउपालिका अर्न्तगत रहेका निजि उद्यमी दुग्ध उत्पादक व्यवसायी, सहकारी संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५औं दिनको १२.०० बजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्बन्धित शाखामा राजस्व वापत रु.१०००। को रसिद काटी सिलबन्दी दरखास्त पेश गर्नु होला । म्याद नाघी वा रितपुर्वक दर्ता नगरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुलाई पशु सेवा शाखा अर्न्तगत संचालित "मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७४ मा उल्लेख भएको मुल्याङ्कका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धतिद्धारा सम्बन्धित निजि उद्यमी दुग्ध उत्पादक व्यवसायी, सहकारी संस्थाहरुलाई पशु सेवा शाखाको स्वीकृत बजेट परिधिभित्र रही अनुदान रकम उपलब्ध गराईने व्यहोरा जानाकारी गराईन्छ । विस्तृत जानकारीका लागि पशु सेवा शाखा जोरपाटीमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

अनुसूची- २ (क)

एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम (डेरी पकेट क्षेत्र) संचालनको लागि दिइने आवेदन - पत्रको फारम

श्रीमान प्रमुख ज्यू
पशु सेवा शाखा ।

विषय : एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम (डेरी पकेट क्षेत्र) संचालनको लागि छनोट हुन पाउं भन्ने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस गाँउपालिका को मिति .......... ..... गतेको ..... ..........मा प्रकाशित सुचना अनुसार समिति सहकारी मार्फत कार्यक्रममा संलग्न हुन ईच्छा भएकोले तपसिल कागजात राखी यो निवेदन गर्दछौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्वन्धि सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछौ । सम्झौता र मापदण्ड विपरीत गरेको पाइएमा प्रचलित कानुन बमोजिम कार्यवाहिको भागीदारी हुन मञ्जुर रहेको व्यहोरा अनुरोध गर्दछौ । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गर्दछु/छौ ।

तपशिल

१. अनुसूची ३ (क) अनुसारको निवेदन र संक्षिप्त कार्ययोजना ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी । (पदाधिकारीको मात्र)
३. संस्था सम्बन्धित निकायमा फार्म दर्ता भएको भए प्रमाण पत्रको प्रतिलिपी ।
४. संस्थामा आवद्ध सदस्यहरुले प्राप्त गरेका अन्य प्रमाणित प्रमाण-पत्रहरु (सम्बन्धित बिषयमा ७ दिन भन्दा माथि लिईएको तालिम, शैक्षिक योग्यता, जग्गा भाडा सम्झौता) आदिका प्रतिलिपीहरु ।
५. संस्थाको तर्फबाट कार्यक्रम संचालन गर्ने सम्बन्धि निर्णयको प्रतिलिपी ।
६. संस्थाको तर्फबाट कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णय प्रतिलिपि ।
७. वडा कार्यालयको सिफारीस ।

निवेदक
दस्तखत :
नाम :
पद :
संस्थाको नाम :
ठेगाना :
मिति :
संस्थाको छाप :

पशु प्रशासकीय अधिकृत

अनुसूची- ३(क)

एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम (दुधको बजारीकरण) सञ्चालनको लागि दिइने आवेदन - पत्रको फारम

श्रीमान प्रमुख ज्यू

पशु सेवा शाखा ।

विषय : एकिकृत दुग्ध उत्पादन प्रवर्दन कार्यक्रम ( दुधको बजारीकरण ) संचालनको लागि छनोट हुन पाउं भन्ने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस गाँउपालिका को मिति ................ गतेको ............... मा प्रकाशित सूचना अनुसार निजि उद्यमि, कम्पनी सहकारीको पकेट क्षेत्रको दुधलाई बजारीकरणमा योगदान पुर्‍याउने इच्छा भएकोले तपसिल कागजात राखी यो निवेदन गर्दछु/छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछु/छौ । सम्झौता र मापदण्ड विपरीत गरेको पाइएमा प्रचलित कानुन बमोजिम कार्यवाहिको भागेदारी हुन मंजुर रहेको व्यहोरा अनुरोध गर्दछु/छौ । पुनश्च: तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गर्दछु/छौ ।

तपशिल

१. अनुसूची ३(ख) अनुसारको निवेदन र संक्षिप्त कार्ययोजना ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी । (पदधिकारीको मात्र)
३. संस्था सम्बन्धित निकायमा फार्म दर्ता भएको भए प्रमाण पत्रको प्रतिलिपी ।
४. संस्थामा आवद्ध सदस्यहरुले प्राप्त गरेका अन्य प्रमाणित प्रमाण-पत्रहरु (सम्बन्धित विषयमा ७ दिन भन्दा माथि लिईएको तालिम , शैक्षिक योग्यता, जग्गा भाडा संझौता) आदिका प्रतिलिपीहरु ।
५. संस्थाको तर्फबाट कार्यक्रम संचालन गर्ने सम्बन्धिको निर्णयको प्रतिलिपी ।
६. संस्थाको तर्फबाट कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णय प्रतिलिपि ।
७. वडा कार्यालयको सिफारीस ।

निवेदक

दस्तखत :

नाम :

पद :

संस्थाको नाम :

ठेगाना :

मिति :

संस्थाको छाप :

अनुसूची ३ (क)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) सञ्चालनको लागी संक्षिप्त कार्ययोजना

१. संस्थाको नाम : टेलीफोन नं.

२. ठेगाना :

३. अध्यक्ष/संचालकको नाम :

४. सम्बन्धित पकेट क्षेत्रमा गाई/भैसीको तथ्याङ्क :

| सि.नं | कृषकको नाम थर | ठेगाना | भैसीको संख्या | | | गाईको संख्या | | | यस बर्ष थप हुने भए | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | कुल | स्थानिय | उन्नत | कुल | गाईको संख्या | भैसीको संख्या | ल्याउने श्रोत | |
| | | | | | | | | | | | | |

५. संस्थाको द.नं./दर्ता गर्ने निकाय :

६. संस्थाले हाल सम्म गरेका उल्लेखनिय कार्यहरु :

७. बैंक/बैंक खाता नं. :

८. कार्ययोजनाको उद्देश्यहरु :

(क) स्थानिय जातका गाई भैसीका नस्ल सुधार गरी दुधको उत्पादन उत्पादकत्वमा बृद्धि गर्ने ।

(ख) दुग्ध मुल्य श्रृखलामा आधारीत व्यवसाय तथा उद्योग प्रवर्द्धन गरी दिगो रोजगारी अभिवृद्धि गर्ने ।

(ग) गुणस्तरीय दुग्ध उत्पादन गरी उपभोक्तहरुलाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुति दिलाउने ।

(घ) छरीएर रहेको निम्न आय भएका साना किसानहरुको दुध संकलन हुन गई नियमित आर्थिक आयको श्रोत हुने ।

९. संक्षिप्त कार्ययोजना प्रस्ताव :

| क.सं. | संचालन गरिने कियाकलापहरु | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१०.रकमको आवस्यकता :

| विवरणहरु/बर्षहरु | | पहिलो बर्ष खर्च रु. | दोश्रो बर्ष खर्च रु. | तेश्रो बर्ष खर्च रु. | चौथो बर्ष खर्च रु. | पाचौं बर्ष खर्च रु. |
|---|---|---|---|---|---|---|
| पुँजिगत खर्चका शिर्षकहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा खर्च रु. | | | | | | |
| चालु खर्चका शिर्षकहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा खर्च रु. | | | | | | |
| पुँजिगत + चालु खर्च | | | | | | |
| | | | | | | |
| संस्थाको तर्फ बाट व्यहोर्ने रु. | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| स्थानिय निकाय तथा अन्य संस्थाहरु बाट व्यहोर्ने रु. | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| प.से शा.को अनुदान रु. | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

खर्च सम्बन्धी विश्लेषणका परिकल्पनाहरु (Assumptions) :

क) प्राविधिक उत्पादन परिकल्पनाहरु

१.गाई/भैसीको जात :

२. उन्नत गाई/भैसीको शारीरिक तौल (के.जी) :

३. प्रती गाई/भैसी सरदर दैनीक दुध उत्पादन (ली.) :

४.मृत्यु दर :

क) बाच्छा बाच्छी/पाडा पाडी ५%

ख) माउ : २%

५.आहारा (शारीरिक तौलको २.५% सुख्खा पदार्थको हिसाव अनुसार)

क) दाना खर्च, प्रति ब्याउने गाई भैसीको लागी प्रति दिन .... केजी

ख) दाना खर्च, प्रति दुहुना गाई भैसीको लागी प्रति दिन .......... केजी

ग) दाना खर्च, प्रति कोरली बाच्छा बाच्छी/पाडा पाडीको लागी प्रति दिन .. केजी

घ) पराल खर्च, प्रति ब्याउने गाई भैसीको लागी प्रति दिन .... केजी

ङ) पराल खर्च, प्रति दुहुना गाई भैसीको लागी प्रति दिन ..... केजी

च) पराल खर्च, प्रति कोरली बाच्छा बाच्छी/पाडा पाडीको लागी प्रति दिन ..... केजी

छ) हरियो घास खर्च, प्रति ब्याउने गाई भैसीको लागी प्रति दिन .... केजी

ज) हरियो घास खर्च, प्रति दुहुना गाई भैसीको लागी प्रति दिन ...... केजी

झ) हरियो घास खर्च, प्रति कोरली बाच्छा बाच्छी/पाडा पाडीको लागी प्रति दिन ....केजी

ञ) मिनिरल मिक्चर खर्च, प्रति ब्याउने गाई भैसीको लागी प्रति दिन ... केजी

ट) मिनिरल मिक्चर खर्च, प्रति दुहुना गाई भैसीको लागी प्रति दिन .....केजी

ठ) मिनिरल मिक्चर खर्च, प्रति कोरली बाच्छा बाच्छी/पाडा पाडीको लागी प्रति दिन.......केजी

६. घाँस खेती गर्न प्रति पशुको लागी आवस्यक जमिन ....... रोपनी/कठ्ठा

७. गोबर मल उत्पादन (वार्षिक) : ... टन

८. प्रति पशुको लागि आवस्यक गोठको क्षेत्रफल : ......वर्ग मि.

ख) वित्तिय परिकल्पनाहरु :

१. जग्गा भाडामा लिदा प्रति वर्ष रु..... निजी

२. प्रति वर्ग फिट गोठ निर्माण खर्च रु ..................।

३. प्रति उन्नत गाई भैसी खरिद मुल्य दर रु ............देखी .............. सम्म

४. आहाराको मुल्य

क) दाना रु. ......। ख) पराल रु. ....। ग) हरियो घाँस रु. .....।

५. गोवर मल बिक्रि दर प्रति के.जी. रु. ......

६. क्.ग. खर्च प्रति पशु रु. .... देखी .....।

७. पहिलो वर्ष लगानी भएको पुँजीगत र चालु खर्च को ऋणको ब्याजदर .....% प्रति वर्ष

८. दाश्रो वर्ष देखि हुने चालु खर्च फार्मको उत्पादनको बिक्रिवाट हुने खर्च रु ....।

९. उन्नत गाई भैसी श्रोत केन्द्रको लागी निर्मित गोठ, स्टोर, मलखादको आयु .... वर्ष र मेसिनरी उपकरण पानि, विद्युत,

प्रमुख प्रशासकीय अधिकृत

प्रणली तथा फार्मको विविध उपकरणहरुको खर्च आदि हुने हुदा सोहि अनुसार यस परियोजनामा मुल्यह्रास समावेश गरीनेछ ।

१०. औषधि खनिज तथा भ्याक्सीनेशन को लागी प्रति पशु रु ...... खर्च हुने ।

११. एक जना कामदारबाट १०गोटा पशुको हेरचाह गर्न सकिने, प्रति महिना प्रति कामदार रु ........।

१२. उन्नत गाई भैसी दुहुना भए पछि बिक्रि गरीने मुल्य प्रति दुहुना गाई भैसी रु. ...... ।

१३. फार्ममा संरक्षण गरिने जम्मा उन्नत गाई भैसीको संख्या .....गोटा ।

परियोजनाको अपेक्षित वार्षिक आम्दानी

क) ........ ली. दुध बिक्रि रु. ............ पहिलो वर्ष ।

ख) अन्य बिक्रिबाट रु. ........।

परियोजना अवधिको अपेक्षित कुल आम्दानी (५वर्षको)

क) ........ ली. दुध बिक्रि बाट रु. ............ ।

ख) अन्य बिक्रिबाट रु. ............ ।

११. आय व्यय खर्च विवरण :

| क्र.सं. | आय व्यय खर्च विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथा वर्ष | पाचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

अपेक्षित उपलब्धिहरु :

(क) स्थानिय जातका गाई भैसीका नस्ल सुधार हुन गई दुधको उत्पादन उत्पादकत्वमा वृद्धि हुनेछ ।

(ख) बजारका आसपास छरिएर रहेका साना किसानहरुको दुध संकलन हुनगई साना तथा निम्न आय भएका कृषकहरुको आयमा वृद्धि हुन जाने छ ।

(ग) गुणस्तरीय दुधको उत्पादन वृद्धि भई क्षेत्रिय तथा राष्ट्रिय बजारमा दुध आपुर्ति वृद्धि हुनेछ ।

(घ) दुग्ध व्यवसाय तथा उद्योग प्रवर्द्धन गरी दिगो रोजगारी तथा व्यवसायको वृद्धि हुनेछ ।

संस्थाको तर्फबाट सहि गर्ने :

दस्तखत :

नाम :

पद :

संस्थाको छाप :

मिति :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - ३ (ख)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (दुधको बजारीकरण) संचालनको लागी संक्षिप्त कार्ययोजना दरखास्त आवेदन फारम

१.फार्म/दुग्ध सहकारी संस्थाको नाम :

२. अध्यक्षको नाम :

३. ठेगाना : टेलीफोन नं.

४.सम्बन्धीत बजार क्षेत्र ........ मा भएको हुने दुध तथा दुग्ध पदार्थ माग तथा आपुर्तिको तथ्याङ्ग

| सि.नं | दुध तथा दुग्ध पदार्थ | ईकाइ | माग परिमाण दैनिक औषतमा | हालको आपुर्ति परिमाण दैनिक औसतमा | आपुर्तिको श्रोत | प्रस्तावित संस्थाले थप गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | परिमाण दैनिक | प्राप्त गर्ने श्रोत |
| | | | | | | | |

५. सहकारी संस्थाको द.नं. दर्ता गर्ने निकाय :

६. संस्थाले हाल सम्म गरेका उल्लेखनिय कार्यहरु :

७. बैंक/बैंक खाता नं. :

८. कार्ययोजनाको उद्देश्यहरु :

(क) बजार क्षेत्र वरिपरी एकिकृत रुपमा गुणस्तरीय दुग्ध उत्पादन गरी बढि भएको दुध क्षेत्रिय तथा राष्ट्रिय बजारमा पुयाउने ।

(ख) दग्ध मुल्य श्रृखलामा आधारीत व्यवसाय तथा उद्योग प्रवर्द्धन गरी दिगो रोजगारी अभिवृद्धि गर्ने ।

(ग) गुणस्तरीय दुग्ध उत्पादन गरी उपभोक्तहरुलाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुति दिलाउने ।

(घ) छरीएर रहेको निम्न आय भएका साना किसानहरुको दुध संकलन हुन गई नियमित आर्थिक आयको श्रोत हुने ।

९.एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संक्षिप्त प्राविधिक तथा आर्थिक प्रस्ताव :

| विवरणहरु/वर्षहरु | | पहिलो वर्ष खर्च रु. | पहिलो वर्ष खर्च रु. | पहिलो वर्ष खर्च रु. | पहिलो वर्ष खर्च रु. | पहिलो वर्ष खर्च रु. |
|---|---|---|---|---|---|---|
| पुँजिगत खर्चका शिर्षकहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| चालु खर्चका शिर्षकहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा खर्च रु. | | | | | | |
| संस्थाको तर्फ बाट व्यहोर्ने रु. | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| स्थानिय निकाय तथा अन्य संस्थाहरु बाट व्यहोर्ने | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रु. | | | | | | | |
| प.से.शा का अनुदान रु. | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१०. आय व्यय खर्च विवरण :

| क्र.स. | आय व्यय खर्च विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथा वर्ष | पाचौं वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | कुल आय रु. | | | | | | |
| २. | कुल खर्च रु. | | | | | | |
| ३. | खुद मुनाफा रु | | | | | | |

अपेक्षित उपलब्धिहरु :

(क) बजारका आसपास छरिएर रहेका साना किसानहरुको दुध संकलन हुन गई साना तथा निम्न आय भएका कृषकहरुको आयमा वृद्धि हुन जाने छ ।

(ख) गुणस्तरीय दुधको उत्पादन वृद्धि भई क्षेत्रिय तथा राष्ट्रिय बजारमा दुध आपुर्ति वृद्धि हुनेछ ।

(ग) दुग्ध व्यवसाय तथा उद्योग प्रवर्द्धन गरी दिगो रोजगारी तथा व्यवसायको वृद्धि हुनेछ ।

सहकारी संस्थाको तर्फबाट सहि गर्ने :

दस्तखत :
नाम :
पद :
संस्थाको छाप :
मिति :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ४ (क)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) संचालनको लागी संस्थाहरुको छनोट गर्दा अपनाईने मुल्यांकनका आधारहरु :

| क.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | प्रस्तावित कार्या योजना (२५) | व्यावसायको सम्भाव्यता/ उपयुक्तता (२५) | तालिम (१०) | व्यवस्थापन गरी रहेका बिमित उन्नत दुधालु पशु को संख्या (२०) | दु.उ.स.स. गठन संचालन पारदर्शीता नियमितता साधारण सभा भएको आधार (२०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| मुल्यांकन समितिका संयोजक : | मुल्यांकन समितिका सदस्य : | मुल्यांकन समितिका सदस्य : |
|---|---|---|
| नाम थर : | नाम थर : | नाम थर : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |

१. व्यवसायको सम्भाव्यता - दैनिक तथा मासिक संकलीत दुधको अधिकतम वाट निम्नतम संकलनको आधारमा उच्चतम देखी घट्दो रुपमा अंक दिईने ।

२. विषयगत तालिम - (कार्य संचालन समिति पदाधिकारीहरु, व्यवस्थापक वा कर्मचारीले लिएको तालिम लाई गणना गरीने)

क) ७ दिने ८ अंक

ख) १५ दिन ९ अंक

ग) ३० दिने वा सो भन्दा माथि १० अंक

३. व्यवस्थापन गरी पालिरहेका बिमित उन्नत दुधालु पशुको संख्या:

क) १०० गाई वा भैसी १३ अंक

ख) १२५ गाई वा भैसी १४ अंक

ग) १५० गाई वा भैसी वा सो भन्दा माथी १५ अंक

४. दुग्ध सहकारी संस्थाको गठन पछि -

क. संस्था संचालन पारदर्शीता रुपले भएको - ५ अंक

ख. वार्षिक नियमित साधारण सभा भएको - ५ अंक

ग. वार्षिक लेखा परिक्षण भएको - ५ अंक

घ. संचालक समिति पदाधिकारी व्यवस्थापक आर्थिक अनियमिततामा सम्लग्न नभएको - ५ अंक

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६(ख)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (दुध वजारीकरण) संचालनको लागी संस्थाहरुको छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु :

| क.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | प्रस्तावित कार्या योजना (२५) | व्यावसायिको सम्भाव्यता/ उपयुक्तता (२५) | तालिम (१०) | दुध तथा दग्धजन्य पदार्थको व्यवस्थापन गरी रहेको परिमाण (गत वर्षको लाई आधार मान्ने) (३०) | गुणस्तरीय दुधको थप कारोवार गर्न सक्ने परिमाण र आधारहरु (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मुल्यांकन समितिका संयोजक :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

१. व्यवसायको सम्भाव्यता - गत आ.व.मा संकलीत दुधको अधिकतम वाट निम्नतम संकलनको आधारमा उच्चतम देखी घट्दो रुपमा अंक दिईने ।

२. विषयगत तालिम - (कार्यसंचालन समिति पदाधिकारीहरु, व्यवस्थापक वा कर्मचारीले लिएको तलिम लाई गणना गरीने)
   - क) ७ दिने ८ अंक
   - ख) १५ दिन ९ अंक
   - ग) ३० दिने वा सो भन्दा माथि १० अंक

३. दुध तथा दुग्धजन्य पदार्थको व्यवस्थापन गरी रहेको परिमाण गत वर्षको अधिकतम वाट निम्नतम संकलन र वजारीकरण गरेको आधारमा उच्चतम देखी घट्दो रुपमा अंक दिईने छ । दुध संकलन र विक्रि गरेको प्रष्ट हुने कागजात संम्लग्न हुनु पर्नेछ ।

४. गुणस्तरीय दुधको थप कारोवार गर्न सक्ने परिमाण र आधारहरु खुल्ने अवस्था हेरी -
   - क. ठिकै - ८ अंक
   - ख. उत्तम - ९ अंक
   - ग. अति उत्तम - १० अंक

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५(क)

सम्झौता पत्र

गाउँपालिकाको आर्थिक तथा पशुसेवा शाखाको प्राविधिक नेतृत्वमा संचालन गरिने एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र ) को उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न पशु सेवा शाखा जोरपाटी,धनकुटा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र .......................................................... ........................................ सहकारी संस्था बीच तपसिलमा उल्लेखित शर्तनामाहरुको अधिनमा रहि एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र )संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

तपसिल :

१. दोश्रो पक्षले निरन्तर रुपमा कम्तीमा ७५/१००/२००/३००/४००/५०० गोटा उन्नत माउ गाई वा भैसी पालन गरेका यस आ.वा.को अन्त्यसम्म पाल्ने हुनु पर्ने छ कम्तीमा १५०० लि. प्रतिदिन थप दुध संगठित बजारमा बिक्रि गर्नु पर्नेछ । र पशुको अनिवार्य बिमा गर्नु पर्ने छ ।

२. दोश्रो पक्षले हरेक वर्ष आफ्नो पकेट क्षेत्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी पशु सेवा शाखामा प्रस्ताव स्वीकृतको लागी पेश गर्नु पर्ने छ ।

३. दोश्रो पक्षले कम्तीमा दुई जनाको संयुक्त दस्तखत बाट कारोबार हुने गरी नेपाल सरकारबाट स्वीकृत प्राप्त वाणिज्य बैंकमा खाता खोल्नु पर्नेछ र दोश्रो पक्षले गाँउपालिका पशु सेवा शाखा बाट स्वीकृत कार्यक्रम संचालन गरी खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेश हुन आएमा पशु सेवा शाखाको प्रमुख वा निजले खटाएको सम्बन्धित अधिकृतको स्थलगत निरिक्षण गरी प्रमाणित भए पछि विनियोजित भएको अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरी दिनेछ ।

४. दोश्रो पक्षले अनुदान रकम सफा दुध उत्पादनका लागी र आवस्यक भौतिक पूर्वधार निर्माण एंव खर्च भएर नजाने टिकाउ हुने माल सामाग्रीहरुको लागि र आवस्यक परेमा कुल रकमको २०% रकम पहिलो बर्षका लागी मात्र उन्नत पशु ढुवानीमा खर्च गर्न पाईनेछ ।

५. दोश्रो पक्षले व्यवसाय विस्तार एंव तथा सुदृढिकरण गर्न ऋणको आवस्यक महसुस गरेमा प्रथम पक्षले सो सम्बन्धि सहजिकरणको लागि वित्तिय संस्था संग समन्वय गराउनेछ ।

६. प्रथम पक्षले दोश्रो पक्षलाई असल व्यवस्थापन विधि बमोजिम कायक्रम संचालनको लागी सरोकारवाला निकाय संग समन्वय गरी बढीमा ५ वर्ष सम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउनु पर्नेछ ।

७. दोश्रो पक्षले स्वीकृत वार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागी मात्र खर्च गर्नु पर्नेछ र सो को अद्यावधिक प्रगति तयार गरी हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्ने छ ।

८. दोश्रो पक्षले पशुपालन व्यवस्थापनका लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण अनुसुची विवरण ७ ख देखि अनुसुचि ७ घ सम्म राखि अद्यावधिक गराउनु पर्ने छ ।

९. पहिलो पक्षले संचालित कार्याक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकीएको अवधि सम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्यहुने छैन ।

१०. पहिलो पक्षको कार्याक्रम अवधि समाप्त भए पछि पनि दोश्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

११. दोश्रो पक्षले यस कार्यक्रमको लागी गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन बमोजिम कार्यबाहीको भागेदारी हुनु पर्नेछ ।

प्रथम पक्ष
प.से.शा.का.को तर्फबाट सहि गर्नेको
नाम :
पद :
दस्तखत :
मिति :
कार्यालयको छाप :
रोहभर
दस्तखत :
नाम :
पद :
योजना शाखा

दोश्रो पक्ष
साझेदारीको तर्फ बाट सहि गर्नेको
नाम :
पद :
दस्तखत :

| दाँ. | बा. |
|---|---|

मिति :
संस्थाको छाप :
रोहभर
दस्तखत :
नाम :
पद :
गा.पा./न.पा. कार्यालय :

अनुसूची ५(ख)

सम्झौता पत्रको नमुना

गाउँपालिका को आर्थिक र पशु सेवा शाखाको प्राविधिक नेतृत्व द्वारा संचालन गरिने एकिकृत दुग्ध उत्पादन प्रवर्द्वन कार्यक्रम (दुधको बजारीकरण) को उद्देश्य अनुरुपको उपलब्धी हासिल गर्न पशु सेवा शाखा जोरपाटी धनकुटा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र .................................................................................................

.... उद्यमी/सहकारी/कम्पनी/निजी डेरी/फार्म (यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिलमा उल्लेखित शर्तनामाहरुको अधिनमा रहि एकिकृत दुग्ध उत्पादन प्रवर्द्वन कार्यक्रम (दुधको बजारीकरण) संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

तपसिल :

१. डेरी पकेट क्षेत्रमा आवद्ध समुह, समिति, सहकारी सदस्य कृषकहरुले उत्पादन गरेको दुध अनिवार्य रुपमा संकलन प्रसोधन र बजारीकरण गर्नु पर्ने छ ।
२. दोश्रो पक्षले निरन्तर रुपमा कम्तीमा १५०० देखी ३००० ली. दुधको दैनिक कारोबार गर्नु पर्ने छ ।
३. दोश्रो पक्षले हरेक वर्ष संस्थामा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवस्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी गाउँपालिका पशु सेवा शाखामा प्रस्ताव पेश गर्नु पर्ने छ ।
४. दोश्रो पक्षले नेपाल सरकारबाट स्वीकृत प्राप्त वाणिज्य बैंकमा खाता खोल्नु पर्ने छ र दोश्रो पक्षले गाउँपालिका पशु सेवा शाखा बाट स्वीकृत कार्यक्रम संचालन गरी खर्चको भुक्तानी दिएको सक्कलै निस्सा प्रमाण सहित पेश हुन आएमा पशु सेवा शाखाको प्रमुख वा निजले खटाएको सम्बन्धीत अधिकृतको स्थलगत निरिक्षण गरी प्रमाणित भए पछि विनियोजित भएको अनुदान रकम एकै पटक वा किस्ता स्वरुप उक्त खातामा जम्मा गरी दिने छ ।
५. दोश्रो पक्षले अनुदान रकम गुणस्तरीय दुध संकलन प्रशोधन बजारीकरण र विविधिकरणका लागि आवस्यक भौतिक पुर्वधार निर्माण एंव खर्च भएर नजाने टिकाउ हुने माल सामाग्रीहरुको लागि मात्र खर्च गर्नु पर्नेछ ।
६. दोश्रो पक्षले अनिवार्य रुपमा आफ्नो उद्योगमा प्रथम पक्षको सहयोगमा Dairy Quality Circle र मिनिल्याब स्थापना गर्नु पर्ने छ ।
७. दोश्रो पक्षले व्यवसाय विस्तार तथा सुदृढिकरण गर्न ऋणको आवस्यकता महसुस गरेमा प्रथम पक्षले सो सम्वन्धि वित्तिय संस्था संग समन्वय, सहजीकरण गरी दिने छ ।
८. प्रथम पक्षले दोश्रो पक्षलाई असल व्यवस्थापन विधि वमोजिम कायक्रम संचालनको लागी सरोकारवाला निकाय संग समन्वय गरी बढीमा ५ वर्ष सम्म सहयोग उपलव्ध गराई कार्यान्वयन गराउनु पर्नेछ ।
९. दोश्रो पक्षले स्वीकृत वार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागी मात्र खर्च गर्नु पर्नेछ र सो को अर्धवार्षिक प्रगति अनुसुचि ६ अनुसार तयार गरी चौमासिक रुपमा प्रथम पक्षलाई उपलव्ध गराउनु पर्ने छ ।
१०. दोश्रो पक्षले संचालित कार्याक्रमको प्रगति सन्तोषजनक नपाएमा सम्झौता भए वमोजिम ५ वर्ष सम्म कार्यक्रमलाई निरन्तरता दिन पहिलो पक्ष वाध्यहुने छैन ।
११. पहिलो पक्षको कार्याक्रम अवधि समाप्त भए पछि पनि दोश्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुहुर्ने छ ।
१२. दोश्रो पक्षले यस कार्यक्रमको लागी गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानुन वमोजिम कार्यवाहीको भागेदारी हुनु पर्नेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोश्रो पक्ष |
| प.से.शा.को तर्फबाट सहि गर्नेको | साझेदारीको तर्फ बाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप : |
| रोहभर | रोहभर |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| योजना शाखा | गा.पा./न.पा कार्यालय : |

| दा. | बा. |
|---|---|

अनुसूची ६(क)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र, दुग्धको यान्त्रीकरण)को प्रगति विवरण पठाउने फारमको ढाँचा

........आ.व. ........ मासिक/चौमासिक

१. संस्थाको नाम : मिति :

ठेगाना : .......... जिल्ला .................. गा.पा. वडा नं. ..... टोल/गाउँ ........ टेलीफोन :

| क.सं. | कार्यक्रम विवरण | ईकाइ | वार्षिक लक्ष | वार्षिक प्रगति | चौमासिक लक्ष | चौमासिक लक्ष | चौमासिक बजेट | यस महिना प्रगति | यस महिना खर्च | चौमासिक प्रगति | चौमासिक खर्च | हाल सम्म को प्रगति | हाल सम्म को खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

वित्तिय प्रगति प्रतिशत ........ %  भारित प्रगति .............. %

अनुसूची ६(ख)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) को भौतिक प्रगति प्रगति विवरण पठाउने फारमको ढाँचा

........आ.व. .................. मासिक/चौमासिक

१. संस्थाको नाम : ................................................ मिति :

ठेगाना : .......... जिल्ला .................. गा.पा. वडा नं. ..... टोल/गाउँ .............. टेलिफोन :

| क.सं. | कार्यक्रमको विवरण | ईकाइ | गत वर्षको ........ चौमासिक | | यस वर्षको ........ चौमासिक | | चौमासिक वढी वा घटी प्रतिशत | घटि हुनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष | प्रगति | लक्ष | प्रगति | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |

कुल भौतिक प्रगति .............. %

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६(ग)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (दुधको बजारीकरण) को भौतिक प्रगति विवरण फारमको ढाँचा

........आ.व. ................ मासिक/चौमासिक मिति :

१. उद्योग/संस्थाको नाम : ................................ ठेगाना : .......... जिल्ला ................ गा.पा. वडा नं. ..... टोल/गाउँ ............ टेलीफोन ...............

क) दुध संकलन गर्ने संस्थाको नाम : .................. ठेगाना : ............ जिल्ला ................ गा.पा.वडा नं. ..... टोल/गाउँ ............ टेलीफोन ...............

ख) दुध संकलन गर्ने संस्थाको नाम : .................. ठेगाना : ............ जिल्ला ................ गा.पा.वडा नं. ..... टोल/गाउँ ............ टेलीफोन ...............

ग) दुध संकलन गर्ने संस्थाको नाम : .................. ठेगाना : ............ जिल्ला ................ गा.पा.वडा नं. ..... टोल/गाउँ ............ टेलीफोन ...............

| क्र. सं. | कार्यक्रमको विवरण | | इकाइ | गत वर्षको ....... चौमासिक | | यस वर्षको ....... चौमासिक | | चौमासिक बढी वा घटी प्रतिशत | घटि बा बढी हुनुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष | प्रगति | लक्ष | प्रगति | | | |
| १ | मासिक संकलीत कच्चा दुध | | लि. | | | | | | | |
| २ | मासिक प्रसोधित वस्तु | घियू | | | | | | | | |
| | | चिज | | | | | | | | |
| | | छुर्पि | | | | | | | | |
| | | पनिर | | | | | | | | |
| | | खुवा | | | | | | | | |
| | | आईसक्रीम | | | | | | | | |
| | अन्य | .............. | | | | | | | | |
| | अन्य | .............. | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

कुल भौतिक प्रगति .............. %

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ७ (क)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) को पशु प्रजनन रेकर्डको ढाँचा

१. संस्थाको नाम : .................................................. ठेगाना : ........ जिल्ला .................. गा.पा. वडा नं. ..... टोल/गाउँ .............. टेलीफोन ..............

| क्र.सं. | सदस्य को नाम | गाई/भैंसीको | | | | | कृ.ग./प्रा.ग. गरेको | | | | | | गर्भ परिक्षण गरेको मिति | गर्भ रहेको वा नरहेको | ब्याउने मिति | जन्मेको बाच्छा/बाच्छी | दुध उत्पादन प्रति दिन लि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ट्याग नं. | जात | उमेर | बाबु को जात | बेत सं. | पहिलो पटक | साँढे/रागो को जात | उल्टिएर दोस्रो पटक | साँढे/रागो को जात | उल्टिएर तेस्रो पटक | साँढे/रागो को जात | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

अनुसूची ७ (ख)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) को पशु उपचार रेकर्डको नमुना ढाँचा

१. उद्योग/संस्थाको नाम :.................................................. ठेगाना : ........ जिल्ला .................. गा.पा. वडा नं. ..... टोल/गाउँ .............. टेलीफोन ..............

| मिति | पशुको ट्याग नं. | उमेर | समस्या | समाधान | प्राविधिक/चिकित्सक |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ७ (ग)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) को गाई/भैसीहरुको मासिक हर्ड बुक नमुना ढाँचा

संचालक संस्थाको नाम : ठेगाना : आ.व.

गाई/भैसीको तथ्याङ्क विवरण : मिति :

| | यस महिनाको शुरुको पशु संख्या | | | | | | यस महिना जन्मेको संख्या | | यस महिनामा मरेको संख्या | | | | | | यस महिनामा बिक्रि भएको संख्या | | | | | | महिनाको अन्त्यमा बाकी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिनाको नाम | ठूलो | | मझौला | | साना | | भाले | पोथी | ठूलो | | मझौला | | साना | | ठूलो | | मझौला | | साना | | ठूलो | | मझौला | | साना | |
| | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | | | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रतिवेदन तयार गर्नेको नाम :
हस्ताक्षर:
पद:
मिति :

प्रमुखको नाम :
हस्तक्षर :
पद :
मिति :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ७ (थ)

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र) को गाई/भैसीहरुको लागी हर्ड बुक उपचार रेकर्ड नमुना ढाँचा

आ.व.

संचालक संस्थाको नाम : ठेगाना :

उप समूह : ठेगाना :

पशुको किसिम : संकेत पट्टा नं. जात : जन्म मिति :

माउको संकेत नं. चारित्रिक विवरण :

बाउको संकेत नं. चारित्रिक विवरण :

| मिति उमेर दिन | तौल (के.जी.) | परजिवि नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | स्वास्थ्य समस्या र उपचार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रतिवेदन तयार गर्ने प्राविधिकको नाम :
हस्ताक्षर:
पद:
मिति :

प्रमुखको नाम :
हस्ताक्षर :
पद :
मिति :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ८ (क)

## पशु सेवा शाखाले संचालन गरिने क्रियाकलापका शिर्षकहरु

| क्र.स. | कार्यक्रम विवरण | कैफियत |
|---|---|---|
| १.१ | मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार केन्द्र लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (पशु उत्पादन) | |
| १.१.१ | दुग्ध उत्पादक सहकारी संस्था गठन या पुर्नगठन समिति साझेदार संस्था फार्म छनौट कार्य योजना तयारी सम्झौता | |
| १.१.२ | गाउँपालिका स्तरीय अनुगमन तथा प्रतिवेदन तयारी प्रेशण | |
| १.१.३ | पशु आहारा सेवा उन्नत बिउ, कबुलियत वन तथा खाली जग्गा लिज साना सिचाई, च्यापकटर टि.एम.आर. साईलेज प्रविधि यु.एम.बि.ब्लक आदि | |
| १.१.४ | पशु स्वास्थ्य सेवा सुचीकृत औपधि फ्रि र अन्य औषधि परल मुल्यका लागि कोष रु ५ लाख सम्म, खोप सेवा रु. १ लाख सम्म प्राविधिक सहज कर्ता सहकारी सेवा करार १ जना प्रति सहकारी | |
| १.१.५ | क्षमता अभिवृद्धि असल पालन पद्धती अवलम्बन र सुशासन तथा डेरी क्वालिटी सर्कल स्थापना र परिचालन | |
| १.१.६ | गोठ सुधार तथा बायोग्यास वा सोलर प्यानल प्रवर्द्धन र उन्नत गाई ढुवानीको लागी कार्यविधि अनुसार एकमुष्ट अनुदान | |
| १.१.७ | दुध संकलन केन्द्र स्थापना सुदृढीकरण तथा मिनिल्याब उपकरण स्यानिटेशन उपकरण तथा सामाग्रीहरुमा अनुदान सहयोग | |


प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ८ ख

## Dairy Quality Circle ( DQC ) गठन र परिचालन

मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्गका बजार लक्षित एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संग सम्वन्धित

- डेरी व्यवस्थापन संचालन गर्ने व्यवसायी वा दुग्ध व्यवसायी उद्यमी दुग्ध उत्पादन उद्योग दुग्ध प्रशोधन तथा विविधिकरण उद्योग दुग्धजन्य पदार्थ बजारीकरण उद्योग वा सस्थाहरुले DQC गठन गर्नेछ।
- सम्वन्धित उद्योगको व्यवस्थापक प्रमुखले आफ्नो कर्मचारी लगायत अन्यलाई संलग्न गराई गठन गर्दछन। यसको संरचना निम्न अनुसार हुनेछ।




- उद्योगको आकार अनुसार ५-११ जनाको DQC बनाउन सकिनेछ।
- एकिकृत दुध उत्पादन प्रवर्द्धन कार्यक्रमका साझेदार उद्योग सहकारी संस्थामा प्रति जिल्ला कम्तीमा एक वटा DQC गठन गर्नु पर्नेछ।
- Non QC सदस्यहरुमा उपभोक्ताहरु जिल्ला स्थित नियमनकारी निकाय समेत राख्नुपर्नेछ।
- यो DQC को प्रमुख उदेश्यहरु *गोठ देखी ओठ सम्म स्वाच्छ र स्वास्थ्य दुध तथा दुग्ध जन्य पदार्थ* उपलब्ध गराउ दुध तथा दुग्धजन्य उद्योगहरुमा दुध तथा दुग्धजन्य पदार्थको गुणस्तरीय राख्नु हो।

DQC का प्रमुख कार्यहरु :

क) उद्योग व्यवस्थापन कर्मचारी तथा Non QC सदस्यहरु सम्मिलित बैठक कम्तिमा दुई महिनामा एक पटक नियमित रुपमा बस्ने निर्णय गर्ने र प्रगति प्रतिवेदन सम्वन्धित कार्यलयमा पठाउनु पर्नेछ। बैठकमा गुणस्तर कायम राख्न गरिएका कार्यको समिक्षा गुणस्तर कायम गर्न आगमी कार्य तथा जिम्मेवारी र नयाँ उत्पादन (Item) बनाउने भए सो लगायत विविध विषयमा छलफल गर्न सकिनेछ।

ख) गुणस्तर कायम गर्न आवस्यक कार्यविधि मापदण्ड Standard of Operation ( SOP ) वा Protocol तयार गरी प्रयोगशाला उत्पादन तथा प्रसोधन इकाईमा लागु गर्ने।

ग) सम्वन्धित उद्योग/व्यवसायवाट उत्पादित दुध तथा दुग्ध जन्य पदार्थको न्युनतम मापदण्ड तोकेर सो लागु गर्ने गराउने

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची – ८ (ग)

## वार्षिक उपलब्धि मुल्याङ्कन फारम

एकिकृत दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम (डेरी पकेट क्षेत्र, दुधको बजारीकरण) को वार्षिक उपलब्धि मुल्याङ्कन फारमको ढाँचा

........आ.व. .................. मासिक/चौमासिक                                        मिति :

१. संस्थाको नाम :                                                                     टेलीफोन :

ठेगाना : ........... जिल्ला .................... गा.पा. वडा नं. ..... टोल/गाउँ ..............

| क.सं | सुचकहरु | ईकाइ | यस वर्ष | गत वर्ष | घटी/बढी % | कारण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण गर्ने

.............................

श्री तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा १ नं. प्रदेश, नेपाल

०८७।११।०१।१५

प्रमुख प्रशासकीय अधिकृत